निर्णय नं.१

मिति २०८१ माघ २७ गतेको ६२ औ कार्यपालिका वैठकबाट भएका निर्णयहरु आज मिति २०८१-११-०४ को ६३ औ कार्यपालिका वैठकमा छलफलं तथा समिक्षा गरियो ।

निर्णय नं.२

मिति २०८१-११-०७ गतेका दिन यस बारबर्दिया नगपालिकाको नवनिर्मित प्रशासकीय भवन तथा विष्णुधनी बहुप्राविधिक शिक्षालयको भवन नगरप्रमुखज्यूको अध्यक्षता तथा नेपाल सरकारका माननिय उपप्रधान तथा शहरी विकास मन्त्री प्रकासमान सिंह ज्यूको प्रमुख अतिथ्यतामा, सम्पुर्ण नगरसभा सदस्य, स्थानीय राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, वडघर, कर्मचारी, शिक्षक, नागरिक समाज लगायत सम्पुर्ण सरोकारवालाको उपस्थितीमा समुद्घाटन सुसम्पन्न गर्ने निर्णय गरियो साथै सो कार्यक्रममा अधिकतम रु ४,३०,०००।— ( अक्षरुपी चार लाख तीस हजार ) खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.३

मिति २०८१-११-१४ गते यस बारबर्दिया नगरपालिकाको नगर कभर्डहल समुद्घघाटनका लागि नेपाल सरकारका माननिय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी ज्यू लाई अनुरोध गर्ने निर्णय पारित गरियो।

निर्णय नं.४

यस बारबर्दिया नगरपालिकाको नगर विकास सम्बन्धी कार्यविधि निर्माण गरि आगामि कार्यपालिका वैठकमा छलफल तथा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.५

यस बारबर्दिया नगरपालिका अन्तरगत विभिन्न वडा, गाउँ, टोल, बस्तिहरुमा केहि व्यक्ति तथा समुहहरुद्वारा नगरवासि जनताहरुमा भुमिहिन दलित, भुमिहिन शुकुम्बासि तथा अव्यवस्थित बसोवासिलाई भुमि उपलब्ध गराउने सम्बन्धि केहि भ्रामक प्रचारप्रसार गर्दै आईरहेको भन्ने जनाकारीप्रति नगर सरकारको ध्यानाकर्षण भएको अवश्थामा यस्तो जनतालाई भ्रामक पार्ने गतिविधि नगर्न नगराउन हुन विज्ञसि सूचना जारी गर्ने निर्णय गरियो ।

निर्णय नं.६

बारबर्दिया नगरपालिकाको कार्यालयमा आर्थिक सहायता/सहयोग/राहत उपलब्ध गराउनका लागि विभिन्न मितिमा पेश भएका निवेदन उपर छलफल गरि देहाय बमोजिम प्रदान गरिएको आर्थिक सहयोग रकम अनुमोदन निर्णय गरियो।

देहाय;-

| क्र.स. | नामथर | ठेगाना | सहयोगको प्रकृति | प्रदान रु |
|---|---|---|---|---|
| १ | कर्ण बहादुर सारु मगर | बारबर्दिया न.पा.८ | औषधी उपचारका लागि आर्थिक सहायता | ५,०००।- |

निर्णय नं.७

नेपाल प्रहरीको गाडी नं.ना १ ख ८५८ र बाईकहरु भे १ ब ५४७, भे १ ब ४७६ र बा २ ब १४०७ मा मर्मत गर्दा भएको खर्च रु १,४५,०००।— ( अक्षरुपी एक लाख पैतालिस हजार ) र ५० लिटर डिजेलको रकम शान्ती सुरक्षा शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने निर्णय गरियो ।

CamScanner

<u>निर्णय नं.८</u>

बारबर्दिया नगरअस्पताल र मातहतका स्वास्थ्य संस्थाको लागि आवश्यक २४ थान Fire Extinguisher जयेश ट्रेडिङ कन्सनबाट रिफिल गरिएकाले बिल भर्पाई अनुसार रकम रु ९३,११२।– नगरपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानि दिने निर्णय गरियो ।

<u>निर्णय नं.९</u>

बारबर्दिया नगरपालिकाको मातृ तथा शिशु मृत्युदर उच्च रहेको साथै ४ वटा बर्थिङ सेन्टर रहेको र त्यहाँ सुत्केरी भएकालाई नियमित न्यानो झोला वितरण भएको तर भेरी अस्पताल नेपालगंज र मेडिकल कलेज कोहलपुरमा रेफर भई सुत्केरी भएका महिलाहरुले न्यानो झोला नपाउने भएकाले त्यस्ता सुत्केरी महिलाहरुलाई पहिचान गरि नर्सबाट घरमा सुत्केरि जाँच गर्ने वेला दोहोरो नपर्ने गरि अभिलेख राखि एक थान न्यानो झोला वितरण गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.१०</u>

फागुन महिनालाई नसर्ने रोग पहिचानको लागि Screening महिनाको रुपमा संघिय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा आवह्वान गरिएकोमा यस पालिकाका ११ वडाका १२ वटा स्वास्थ्य संस्थामा ३० बर्ष माथिका सवै नागरिकको नसर्ने रोगको पहिचानका लागि अभियान संचालन गर्ने निर्णय गरियो ।

CS CamScanner